पाँचखपन नगरपालिका

# पाँचखपन नगरपालिकाद्वारा प्रकाशित राजपत्र

खण्डः ३)　　　　　　संख्याः ४　　　　　　मितिः २०७६/०६/१३

## भाग-२

## पाँचखपन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### वाना, संखुवासभा, नेपाल

नेपालको संविधाको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम पाँचखपन नगर कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत २०७६ सालको कार्यविधि नंः ४ (चार)

# पाँचखपन नगरपालिकाको सडक हेरालु सम्बन्धी कार्यविधि-२०७६

# पाँचखपन नगरपालिकाको सडक हेरालु सम्बन्धी कार्यविधि-२०७६

**नगरकार्यपालिकाको बैठकबाट पारित भएको मितिः २०७६।०६।१३**
**प्रमाणिकरण भएको मितिः २०७६।०६।१५**

**प्रस्तावना :**

पाँचखपन नगरपालिका अन्तर्गतका रहेका विभिन्न सडकहरुको मर्मत सम्भार गरी दिगो रुपमा यातायत संचालन गर्नका यस नगरपालिकाका विभिन्न वडाहरु तथा अन्य सरकारी तथा संघ संस्थाहरुवाट सडक हेरालुको लागि वजेट विनियोजन भएको हुँदा उक्त कार्यलाई व्यवस्थित, मर्यादित र नियम संगत वनाउनका लागि वान्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम नगर कार्यपालिकाको मिति २०७६।०६।१३ गतेको बैठकले यो कार्यविधि पारित गरी जारी गरेको छ।

परिच्छेद-१

## प्रारम्भिक

**१) विषय र प्रसंगले अर्को अर्थ नलागेमा**

क. यस कार्यविधिको नाम : पाँचखपन नगरपालिकाको “सडक हेरालु व्यवस्थापन कार्यविधि २०७६” रहने छ।

ख. “प्रमुख” भन्नाले पाँचखपन नगरपालिकाको प्रमुख सम्झनु पर्दछ।

ग. “उपप्रमुख” भन्नाले पाँचखपन नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ।

घ. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले पाँचखपन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

ङ. “हेरालु” भन्नाले पाँचखपन नगरपालिका अन्तर्गत रहेका विभिन्न सडक मर्मत सम्भार गर्न खटिएका कर्मचारी सम्झनु पर्दछ।

च. “छनौट समिति” भन्नाले हेरालु छनौट समिति सम्झनु पर्दछ।

छ. “सडक” भन्नाले पाँचखपन नगरपालिका अन्तर्गतका वडा स्थित विभिन्न सडकहरु सम्झनु पर्दछ।

ज. “पोशाक” भन्नाले हेरालुले लगाउने निश्चित प्रकारको पोशाक सम्झनु पर्दछ।

झ. “औजार” भन्नाले हेरालुले सडक मर्मतका लागि प्रयोग गर्ने औजार सम्झनु पर्दछ।

ञ. “अनुगमन समिति” भन्नाले हेरालुद्वारा मर्मत सम्भार भएका सडक अनुगमन गर्ने समिति सम्झनु पर्दछ।

**२) कार्यक्षेत्र :**

(१) हेरालुहरुको कार्यक्षेत्र यस पाँचखपन नगरपालिका अन्तर्गत रहेका सडक क्षेत्रहरु हुनेछ ।

(२) नगरपालिका तथा वडाले तोकिएको सडकमा  हेरालु खटाउन सकिनेछ ।

(३) उप दफा (२) बमोजिम सडक हेरालु खटाउदा नगर प्रमुख, उपप्रमुख, सम्बन्धित वडाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले समन्वय गरी आवश्यकता अनुसार खटाउन सक्नेछ ।

तर RMG बाट तोकिएको नगर क्षेत्र भित्रको सडकहरुको हकमा सोही बमोजिम हुनेछ । तोकिएका सडकहरुमा हेरालु तोक्दा यसै कार्यविधि बमोजिम हुनेछ ।

**३) कार्य प्रकृति :**

सडक हेरालुहरुको कार्य प्रकृति देहाय बमोजिम हुनेछः

- सडक मर्मत सम्बन्धी कार्यहरु ।
- सडकमा पर्ने खाल्डाहरु पुर्ने, र सुख्खा ढुंगा ओछ्याउने, भत्केका किनारा मिलाउने कार्य ।
- सडकलाई टेवा दिने पर्खाल लगाउने, धाँजाहरु पुर्ने, कटान मर्मत गर्ने  ।
- सडकको साना साना पहिरो र ढुंगा हटाउने, पानीले खोलेको प्वाल टाल्ने ।
- नाली मर्मत तथा अन्य क्षतिको मर्मत, पुलेसा मर्मत, कजवे मर्मत र सफा गर्ने, झारपात सफा गर्ने, ट्राफिक संकेत सफा र मर्मत गर्ने, तथा नाली नभएको स्थानमा पानी निकासाको लागि अस्थायी नाली बनाउने ।
- सडक सरसफाइ गर्ने । तर ठूला प्रकृतिका रुखहरु, घाँसका विरुवाहरु लगायत अन्य काममा आउने वोट विरुवाहरु काट्नुपर्दा सम्बन्धित रुख धनी वा वडाध्यक्ष तथा वडा सदस्यहरुसँग समन्वय गर्नुपर्ने छ ।
- सडकमा पानी जमेको अवस्थामा अनिवार्य रुपमा यथाशिघ्र सो जमेको पानी निकास गर्ने ।
- सडक दायाँ वायाँ वृक्षरोपण गर्ने ।
- आवश्यकता अनुसार अन्य कार्य गर्ने ।

**४) हेरालु छनौट समिति**

हेरालु छनौटका लागि देहाय बमोजिम ५ सदस्यीय एक छनौट समिति रहनेछ :

- नगर प्रमुख - संयोजक

- नगर उपप्रमुख - सदस्य
- प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- सडक रहेको वडाको वडाध्यक्ष - सदस्य
- पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख - सदस्य सचिव

**५) छनौट प्रक्रिया :**

**सडकको मर्मत सम्भार गर्ने सडक हेरालु छनौट प्रक्रिया देहाय बमोजिम हुनेछ।**

क. सडक हेरालुका लागि उपयुक्त उमेद्वारको छनौट गर्न विज्ञापन खुलाउनु पर्नेछ।

ख. तोकिएको समयमा रितपुर्वक पेश भएको दरखास्तहरु दर्ता गरी सम्पर्क मिति तोकिने छ।

ग. तोकिएको मितिमा अन्तवार्ताको माध्यमबाट छनौट गरिनेछ।

घ. हेरालु छनौट प्रक्रिया देहायको योग्यताको परिधिभित्र रही गर्नुपर्ने छ।

- सम्बन्धित सडक नजिक रहेको,
- उमेर १८ वर्ष पुरा भई ५९ वर्ष ननाघेको,
- आर्थिक अवस्था कमजोर रहेको,
- काम प्रतिको जिम्मेवारी जावफदेहीता वहन गर्ने
- स्वास्थ्य विमा अनिवार्य गरेको हुनुपर्ने।
- अनुभवी तथा सडक सम्बन्धी काम गर्न जानेको व्यक्तिलाई प्राथमिकता दिइनेछ।

ङ. छनौट समितिबाट सिफारिश भएका हेरालु उमेद्वारहरुलाई करार सम्झौता तथा नियुक्ति नगर कार्यपालिकाको कार्यालयले दिनेछ। सिफारिस भएको उमेद्वारहरुको करार सम्झौता ६ महिना सम्मका लागि मात्र हुनेछ। ६ महिना पछि निजको काम सन्तोषजनक देखिएमा, कार्यक्रम रहने अवस्था भएमा अनुगमन समितिको सिफारिसमा छनौट समितिले पुन म्याद थप गर्ने निर्णय गरी पठाएमा निजको ६ महिना सम्मका लागि पुनः म्याद थप गर्न सकिनेछ।

**६) हेरालुको दैनिक कार्य समय :**

क. हेरालुको कार्य समय देहाय बमोजिम हुनेछ :

- दिनमा ४ घण्टा तोकिएको सडकमा मर्मत सम्भार गर्नुपर्नेछ।

तर भैपरी आएमा वा सडकमा कुनै कारणले सवारी आवागमन ठप्प भएको अवस्थामा हेरालुवाट मर्मत गर्न सक्ने अवस्था भएमा अतिरिक्त समय समेत काम गर्नुपर्नेछ।

**७) सेवा सुविधा :**

क. सडक हेरालु (अदक्ष ज्यामी अनुसार) को सेवा सुविधा जिल्लाले तोकेको दररेट अुनसार हुनेछ।

ख. हेरालुलाई चाहिने आवश्यक सामग्री, पोशाक र औजार सम्वन्धित संस्थाले उपलव्ध गराउने छ।

ग. सडक हेरालुहरुको खाइपाइ आएको सेवा सुविधा भुक्तानी गर्दा वैंक मार्फत गर्नुपर्ने छ।

**८) अनुगमन समिति**

हेरालुहरुको सडक मर्मत कार्य प्रभावकारी वनाउन तथा सडकको स्थिति वारे जानकारी लिन र सुझाव सल्लाह प्रदान गर्न देहाय बमोजिमको ३ सदस्यीय अनुगमन समिति रहनेछ।

- नगर उपप्रमुख - संयोजक
- सम्वन्धित वडाका अध्यक्ष - सदस्य
- सम्वन्धित वडा हेर्ने प्राविधिक - सदस्य

**९) विविध :**

यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा थप व्याख्या वा व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी नगरपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

आज्ञाले,

गायत्र श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत